नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार र अनुदान सहयोगका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७६।११।२०

मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान वा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने युवा, बालबालिका तथा अन्य व्यक्तिलाई २०७७ साल जेष्ठ १ गते प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग प्रदान गर्न छनौट गर्ने कार्यको प्रकृया शुरु गरिएको हुँदा प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०७६ बमोजिम योग्य नेपाली नागरिकहरुबाट सोही मापदण्डको अनुसूची–३ बमोजिमको आवेदन फाराम र कागजातहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र आईपुग्ने गरी यस कार्यालयको निम्न ठेगानामा पेश गर्नुहुन वा स्क्यान गरी talent.award@nepal.gov.np वा pmtalent.award@gmail.com मा पठाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै नेपाल सरकार मातहतका निकाय, प्रदेश वा स्थानीय तह, विश्वविद्यालय, शिक्षण संस्था, सार्वजनिक संस्थान वा अन्य कुनै व्यक्तिहरुले समेत पुरस्कार वा अनुदान सहयोगको लागि उल्लिखित क्षेत्रमा योगदान गरेका व्यक्तिहरुको सिफारिस गर्नसक्ने, यसरी सिफारिस गर्दा सोही मापदण्डको अनुसूची- ३ बमोजिमको फाराम र कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

आवेदन फाराम, प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र संचालन सम्बन्धी कार्यविधि, २०७५ र प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०७६ यस कार्यालयको वेबसाइट www.opmcm.gov.np बाट डाउनलोड गर्न सकिनेछ । अन्य जिज्ञासाको लागि देहायको ठेगानामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ !

### आवेदन पेश गर्ने र सम्पर्क ठेगाना

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सामाजिक विकास तथा रुपान्तरण महाशाखा
शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा
सिंहदरबार, काठमाडौं ।
फोनः- ०१-४२११११०९
इमेल: talent.award@nepal.gov.np वा pmtalent.award@gmail.com